# स्थानीय राजपत्र

**मेचीनगर नगरपालिकाद्वारा प्रकाशित**

खण्ड-९ मेचीनगर, झापा, कोशी प्रदेश, नेपाल २० श्रावण, २०८३ साल

**भाग-२**

### मेचीनगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### इटाभट्टा, झापा, कोशी प्रदेश नेपाल

### मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सूचना

मेचीनगर नगरपालिका, नगरकार्यपालिकाले तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण नीति

**विषय सूचिः**


| क सं | शीर्षक | पेज |
| --- | --- | --- |
| १ | पृष्ठभूमि | २—४ |
| २ | विगतका अभ्यास र प्रयास | ५ |
| ३ | प्रारम्भ र नाम | ६ |
| ४ | परिभाषा | ६ |
| ५ | नगरपालिकाको संक्षिप्त परिचय | ६-७ |
| ६ | समावेशी नीतिको परिचय | ८ |
| ७ | समावेशी नीतिको लक्ष्य र उद्देश्यहरु | ८-९ |
| ८ | नीति निर्माण तहमा लैसअसास | ९-१० |
| ९ | निर्णय गर्ने निकायहरूमा लैसअसास | १० |
| १० | कर्मचारीभित्र लैसअसास | ११ |
| ११ | लैङ्गिक सामनता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति(GEDSI) सम्बन्धि व्यवस्था | ११-१२ |
| १२ | आर्थिक सशक्तिकरणका कार्यक्रम र परियोजनाहरू | १२ |
| १३ | समावेशी नीतिको कार्यान्वयन | १२-१३ |
| १४ | समावेशी नीति कार्यान्वयनको प्रमुख रणनीति | १३ |
| १५ | बालबालिका हेरालु सम्बन्धी व्यवस्था | १३-१४ |
| १६ | अनुगमन र मूल्याङ्कन | १४-१५ |
| १७ | लैसअसास नीतिको पुनरावलोकन तथा सुधार | १५ |
| १८ | खारेजी र बचाउँ | १५ |
| १९ | संस्थागत व्यवस्था | १५-१७ |


लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण नीति

## १. पृष्ठभूमि (Background):

संविधान देशको मूल कानुन हो। यसले राजनीतिक शक्ति, संस्था तथा नागरिकबीच शक्ति नियन्त्रण र शक्ति सन्तुलनको व्यवस्था गर्दछ। नेपालको संविधान २०७२ को प्रस्तावनामा लैङ्गिक समानता तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अङ्ग, तह र क्षेत्रगत विषयहरूमा लैंङ्गिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गरेको छ।

नेपालको संविधानको धारा १८ अनुसार समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बन्चित नगरिने व्यवस्था छ । साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ ।

धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धि अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धि अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

त्यसैगरी धारा ४२ अन्तर्गत सामाजिक रूपमा पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ। धारा ४३ ले आर्थिक रूपमा विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ।यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानुन बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृतिक रूपमा पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तीकरण वा विकासका लागि संविधानले विशेष प्रावधानहरूको थप व्यवस्था गरेको छ।

संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासीजनजाति/मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ। सामाजिक न्यायको हकले राज्यका हरेक तहमा

समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

सोही अनुरूप स्थानीय सरकारद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैसअसास संवेदनशील बनाउन, संवैधानिक एवम् कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, नेपाल सरकारले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७,१६ औं योजना (आर्थिक वर्ष २०८१/०८२ —२०८५/०८६) लगायत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैसअसास सम्वन्धी व्यवस्था उल्लेख गरेको छ ।

नेपालमा विगतदेखि नै महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडिएका समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरू, सामाजिक, आर्थिक वा शैक्षिकरूपमा पछाडि परेका व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र प्रक्रियामा तथा प्रतिफलको हिस्सेदारीमा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ । समावेशीताका निमित्त स्रोत, साधन र सार्वजनिक सेवामा पहुँच बढाउन, राज्यको हरेक संरचना एवम् निर्णय प्रक्रिया तथा सो को कार्यान्वयनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको उत्थान, विकास र सशक्तीकरण लगायत सामाजिक सुरक्षाका लागि विभिन्न कार्यक्रमहरू संस्थागतरूपमा सञ्चालन भएका छन् । यी कार्यक्रमहरूबाट लक्षित वर्गको सशक्तीकरणमा उल्लेख्य योगदान पुगेको छ । दशौं योजना (२०५९-२०६४) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर सम्बन्धित विषय (Cross-cutting issues) का रूपमा स्थान दिईएको थियो। नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनःसंरचना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरूलाई समाधान गर्न संकल्प गरे अनुरूप नेपालमा सामाजिक समावेशीकरणको विषयलाई प्रमुख बहसको रूपमा अङ्गीकार गरिएको थियो । आर्थिक वर्ष २०६४/०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास हुँदै आएको छ । यस अनुरुप समावेशीकरण नीति तर्जुमा गर्ने कार्य र सामाजिक समावेशीकरण सम्बन्धी संरचनाहरू स्थापना गर्ने कार्यको थालनी पनि हुँदै आएको सन्दर्भमा स्थानीय विकास मन्त्रालयको लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, २०६६ कार्यान्वयनमा रहेको छ । सामाजिक समावेशीकरणका विषयहरुलाई सम्बोधन गर्न स्थानीय सरकार (संचालन) ऐन, २०७४ लगायतका कानूनहरु र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ पनि तर्जुमा भई कार्यान्वयनमा आइसकेको छ ।

समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारीरूपमा तर्जुमा एवम् कार्यान्वयन गर्न स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका, २०६८ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार

तत्कालीन स्थानीय निकायको निःशर्त पूँजीगत बजेटको कम्तीमा १५ प्रतिशत रकम आर्थिक तथा सामाजिकरूपमा पछाडि परेका विपन्न महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत उपेक्षित वर्ग तथा समुदायका लागि छुट्याउनु पर्ने व्यवस्था गरिएको पाइन्छ । साथै तत्कालीन स्थानीय निकायहरूमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, बादी, अपाङ्गता समन्वय सम्वन्धी संरचनाहरू गठन गरी ती समुदायलाई संस्थागतरूपमा शासकीय संरचनामा आबद्ध गर्ने प्रयास गरिएको र सामाजिक परिचालनमार्फत् आर्थिक तथा सामाजिकरूपमा पिछडिएका समुदायको आर्थिक-सामाजिक उत्थानका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता महत्वपूर्ण प्रयासहरू भएको पाईन्छ।

स्थानीय तहका विकासका पाँच आयमहरु अन्तर्गत सामाजिक विषय क्षेत्रमाः महिला, विभिन्न लक्षित समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, किशोरकिशोरीहरू लगायतलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी र समतामूलक राष्ट्रको निर्माण गर्ने विषय उल्लेख गरिएको छ ।

उक्त योजनाको अन्तरसम्बन्धित विषय अन्तर्गतको 'समावेशीकरण' विषय उपक्षेत्रमा समानुपातिक समावेशी विकास र पहुँचको सुनिश्चितता गर्न समावेशीकरण लक्षित सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिसमेत निश्चित गरी कार्यान्वयनमा जोड दिइर लैजाने योजना छ। योजनामा समावेशीकरणको विषय क्षेत्रगत लक्ष्यमा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरूको सशक्तीकरण र समानुपातिक विकास गर्ने लक्ष्य लिइएको छ।

सोही व्यवस्था अनुरूप स्थानीय तहमा लैसअसासलाई संस्थागत गर्दै समाबेशी विकासलाई प्रवर्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न "लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८" जारी गरेको छ ।

प्रदेश सरकार तथा स्थानीय सरकारलाई पूर्णरुपमा संचालित, दिगो, समावेशी एवम जवाफदेही बनाउन, संविधानद्वारा परिकल्पना गरिएको समानता र समावेशितामा आधारित समाज निर्माण गर्न, स्थानीय तथा प्रदेश सरकारको प्रणाली, प्रक्रिया तथा संरचनालाई लैसअसासको दृष्टिकोणबाट संवेदनशील एवम उत्तरदायी बनाउन नेपाल सरकारले राष्ट्रिय कार्यक्रमको रूपमा अंगीकार गरेको छ| विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जात जाति, लिङ्ग तथा पिछडिएको क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिकालाई सुनिश्चित गर्न आवश्यक देखिन्छ ।

सामाजिक समावेशीकरण मार्फत सबैले आत्म सम्मान बोध हुने वातावरण निर्माण गर्न सबै क्षेत्र तथा संरचनाहरूमा मूलप्रवाहीकरणको माध्यमबाट समतामुलक शासन पद्धतिलाई संस्थागत गर्न यसका समग्र क्षेत्रलाई सम्बोदन गर्ने नीतिको आवश्यकता महसूस भएकाले प्रस्तुत लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण नीति, २०८३ तर्जुमा गरी लागु गरिएको छ।

## २. विगतका व्यवस्था र प्रयासहरुः

आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरू (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य) लाई नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। नेपालको संविधानमा नै अन्य आयोगहरूको व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने कार्यको मार्ग प्रशस्त गरिएको छ।

नेपालमा वि.सं. २०७८ को राष्ट्रिय जनगणना बमोजिम कुल जनसङ्ख्याको ५१.५ प्रतिशत महिला रहेकामा महिलाको साक्षरता ५७.७ प्रतिशत र पुरुषको साक्षरता ७५.६ प्रतिशत रहेको छ । सम्पत्तिमा स्वामित्व पुगेका महिला २६ प्रतिशत मात्र रहेको देखिन्छ । महिला पुरुषको श्रमशक्ति सहभागिता दर क्रमशः २६.३ र ५३.८ प्रतिशत रहेको छ । नेपालको कुल जनसङ्ख्याको करिब १.९४ प्रतिशत जनसङ्ख्यामा कुनै एक वा बढी प्रकारको अपाङ्गता देखिएको छ।

सोह्रौं योजना अनुसार मुलुकमा निरपेक्ष गरिबीलाई २०.३ मा कमी ल्यायि १२ प्रतिशतमा कायम गर्ने । मानव विकास सूचकाङ्क ०.६०१ वाट ०.६५० मा पु—याउने लक्ष्य रहेको छ। लैंगिक असमानता सूचक ०.४९५ र महिलाको सम्पति दर्तामा सहभागिता २३.८ प्रतिशत सम्म रहेको छ । यसमा पनि विभिन्न भौगोलिक क्षेत्र, लिङ्ग र सामाजिक समूहहरूबीचको आर्थिक असमानता र गरिबीको सघनता बढी जनसङ्ख्या हुने विभिन्न जातजातिहरूको संख्या १११ भन्दा बढी रहेको छ । भाषागत विविधता हेर्दा नेपालमा करिब १२३ भन्दा बढी मातृभाषाहरू रहेको छ नेपालमा हिन्दु धर्म मान्ने जनसङ्ख्या अधिक भए तापनि यस बाहेक अन्य ९ भन्दा बढी धर्मावलम्बीहरू रहेको देखिन्छ।

नेपाली समाजमा आर्थिक तथा सामाजिक, जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय विविधता रहेको छ । यी विविधता भित्र पनि भौगोलिक, लैङ्गिक, जातीय र आर्यवर्गबीच गरिबीको असमानता र गहनताको अन्तर अझै उल्लेख्यरूपमा विद्यमान रहेको विभिन्न तथ्याङ्कबाट देखिन्छ। यसर्थ समावेशी विकासको मान्यतालाई आत्मसात् गरी यी असमानताहरूलाई सम्बोधन गर्न सबै क्षेत्र र अन्तर्गत निकायहरुलाई अझै बढी प्रभावकारी रूपमा परिचालन गर्न आवश्यक देखिएको छ ।

**३. प्रारम्भ र नामः**

यस नीतिको नाम लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण नीति २०८३ रहनेछ। यसको प्रारम्भ मेचीनगर कार्यपालिकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ।

**४. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा; "नीति" भन्नाले लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा समाजिक समावेशीकरण नीति २०८३ सम्झनुपर्छ। "लैङ्गिकमैत्री" भन्नाले नगरपालीकाको सबै तह र संरचनाहरुमा अलगगै स्तनपान कक्ष, सुत्केरी विदा, सेनेटरी प्याडसहितको आराम कक्ष, महिलामैत्री शौंचालय जस्ता महिलाको लागि अत्यावश्यक व्यवस्थाहरुलाई जनाउँछ। नगरपालिका तथा कार्यक्रम संचालन हुने स्थानहरुमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई उपयुक्त हुने वातवरण सिर्जना गर्ने जनाउँछ । "अपाङ्गतामैत्री" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई विशेष सुविधा प्रदान गरी समावेश गर्ने व्यवस्थालाई जनाउँछ।

**५ मेचीनगरको संछिप्त जानकारीः**

कोशी प्रदेशको झापा जिल्लामा अवस्थित मेचिनगर नगरपालिकालाई नेपालको पूर्वी सिमानाको प्रवेशद्वार पनि भनिन्छ । झापा जिल्लाको मेचिनगर नगरपालिका २०५३ सालमा नगरपालिका घोषणा भएको हो । नगरपालिका नेपालको पूर्वको प्रमुख उधोग तथा वाणिज्यको केन्द्र समेत हो । मेचिनगर नगरपालिकालाई महेन्द्र राजर्माग र मेची राजर्मागले जोडेको छ । झापा जिल्लाका १५ वटा स्थानीय तह मध्ये एक मेचिनगर नगरपालिका तत्कालिन साविकका मेचिनगर नगरपालिका र ज्यामीरगढी, धाइजन, बाहुनडाँगी र दुवागढी गाविसहरु समेटी २०७३ सालमा मेचिनगर नगरपालिका घोषणा भएको हो।

मेची नदीको नामबाट नै नगरपालिकाको नाम रहन गएको हो। नगरपालिकामा विभिन्न धर्म तथा जात जातीका मानिसहरु बसोबास गर्दछन। जसको आफ्नै मातृभाषा, भेषभुषा र रहनसहन छ । नगरभित्र विभिन्न धर्मका अनुयायीहरु जस्तै हिन्दु, बौद्ध र क्रिस्चियनहरुको बसोबास रहेको छ। जसले समावेशी संस्कृति झल्काउछ । नगरमा मुख्य भाषा भनेको नेपाली हो । दसै तिहार जस्ता राष्ट्रिय चाड पर्वका अलावा होली, गाइजात्रा, ल्होसार, ईद, माघे सक्रान्ती, जनै पुर्णिमा आदि जस्ता पर्वहरु मनाइन्छ । नगरपालिकामा खेतीयोग्य उर्वर भूमिको साथै पशुपालन लगायत व्यापार व्यवशाय र उद्योगको प्रचुर सम्भावना रहेको छ।

नगरपालिकाले समावेशीताको मर्म बुझी कार्यक्रम संचालनका विभिन्न समिति उपसमितिहरुको कार्यविधिहरु बनेका छन केहि हद सम्म समावेश गरिएको छ । त्यतिले मात्र लैङ्गिक समानता र अपाङ्ग मैत्रीपूर्ण सवाललाई पूर्ण रुपमा समावेश नभएको हुनाले यो लैसअसास नीतिको

आवश्यकता महसुस गरि मेची नगर नगरपालिकाले यो लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण नीति २०८३ तयार गरी लागु गरिएको छ।

लोकतन्त्र प्राप्त पश्चात पुनः संरचना अनुरुप साविकाका स्थानिय निकायहरुलाई संशोधन गरी जम्मा ७५३ वटा स्थानीय तह कायम गरे अनुरुप मेचीनगर नगरपालिका साविकका मेचीनगर नगरपालिका, बाहुनडांगी, धाइजन,दुवागढी र ज्यामिरगढी गाविसलाई गाभेर हाल १५ वडा कायम गरी प्रशासनिक कार्य संचालन भईरहेको छ ।

राष्ट्रिय जनगरणना २०७८ अनुसार महिला—६९०७२,पुरुष—६४००१ समेत १३३०७३ जनसंख्यामा ५१.९ प्रतिशत महिलाको हिस्सा रहेको छ । महिलाको साक्षरता दर ७६.२ प्रतिशतवाट ८५ प्रतिशत साक्षरतामा पु—याउने सोह्रौ योजनाको लक्ष्य रहेको छ । कलु जनसंख्यामा २.१ प्रतिशत अपाङ्गता रहेको राष्ट्रिय जनगरणना २०७८ को तथ्यांक रहेको छ । लैगिक तथा यौनिक अल्पसंख्यक १४ जना रहेको तथ्याङ्कले देखाएको छ ।

अपाङ्गताको आधारमा जनसंख्या विवरण अपाङ्गता सम्बन्धी अवस्था पहिचानको लागि शारिरीक, दृष्टि बिहिन,कम दृष्टि भएका, बहिराकम सुन्ने, दृष्टि बिहिन तथा बहिरा, बोल्न गाहे भएका, मानसिक अपांग, बौद्धिक रुपमा असक्त, विविध अपांगता भएका पर्दछन । घरपरिवार र समुदायमा हुने गरेका हिंसा, आमा बाबु र अभिभावकको मृत्यु, कुपोषण, गरिबी, अशिक्षा, अज्ञानता तथा चेतनाको कमी, बालश्रमको बोझ, मानसिक असन्तुलन आदिका कारण बालबालिकाहरु सानो छँदा मात्र होइन ठुलो भए पछि पनि उनीहरुको मनोविज्ञानमा गहिरो असर परेको हुन्छ । यसै सन्दर्भ हाम्रो देश लगायत विभिन्न क्षेत्र, जिल्ला र स्थानिय स्तरमा बसेका अधिकांश बालबालिकाहरु गरिबी, बिपन्नता र अभावका बीचमा बाँचिरहेका छन् । उल्लेखित सूचकहरुको आधारमा हेर्दा मेचीनगर नगरपालिकामा रहेका जम्मा जनसंख्यामा ८७३ जना अपाङ्गता भएका मानिसहरु फेला परेका छन् जसमा शारिरिक अपाङ्ग ४२६ जना, सुस्त मनस्थिती ११७ जना, दृष्टिविहिन ११३ जना रहेका छन।

कोशी प्रदेशको लैंगिक समानता नीति २०७९ ले महिला समानता र विकास सहभागितामा परिचित प्रदेशको पहिचान दिने सोच लिइएको छ । कोशी प्रदेशकै सामाजिक समावेशीकरण नीति २०७९ को सोचः समानुपातिक समावेशी समानता र समृद्ध प्रदेश निर्माण गर्ने रहेको छ भने लक्ष्यः सामाजिक न्याय सहितको मर्यादित जीवन र समृद्ध समाजको निर्माणलाई सार्थक वनाउन पनि मेचीनगर नगरपालिकाले लैगिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति तयार गरी कार्यान्वयनमा ल्याउन आवश्यक वनेको छ ।

## ६ समावेशी नीतिको परिचय :

यो नीति मेचीनगरपालिकाको मुख्य लैसअसास नीतिको रुपमा रहने छ। माथी उल्लेख गरेका तथ्याङ्क विश्लेषणको अवस्थाको संस्थागत सम्बोधन गर्न समावेशी नीतिलाई लागू गर्न नगरपालिका प्रतिवद्ध हुन जरुरी रहेको छ । नगरपालिकामा विविध जातजाती, लिंग, लैंङ्गिकता, वर्ग, धर्म, उमेर, वैवाहिक अवस्था, शारीरिक र मानसिक अवस्था (अपांगता भएका व्यक्तिहरु) लगायत कुनै पनि आधारमा विभेद, वहिष्कार र असमानतालाई शुन्य सहनशीलता प्रवर्द्धन गर्न सदा प्रतिवद्ध रहने छ | नगरपालिकाले सञ्चालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैसअसास दृष्टिकोणबाट संस्थागत गरी महिला र सीमान्तकृत समूहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गर्न, मूलप्रवाहीकरण र सशक्तीकरण गर्दै लगिने नीति लिनेछ । सबै प्रकारका अनुगमन तथा मूल्यांकन प्रणालीमा लैसअसास उत्तरदायी दृष्टिकोण अपनाइने छ।

समावेशी नीतिले नगरपालिकाको मानव अधिकारको रूपमा निष्पक्ष व्यवहारको संस्कृति प्रवर्द्धन गर्ने र अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी मापदण्डका सिद्धान्तहरू (CEDAW)लाई समेट्ने लक्ष्य राखेको छ। समावेशी नीतिहरू, रणनीतिहरू मेचीनगर नगरपालिकाका लागि मार्गदर्शन हुनेछन्। नगरपालिकाको आन्तरिक निर्णय, समिति तथा संरचनाहरू, योजना तथा परियोजनाहरू, कार्यक्रम वा अन्य कुनै पनि गतिविधिहरू तयार गर्दा उल्लेखित दस्तावेजलाई महत्वपूर्ण आधार बनाईनेछ। समावेशी नीतिलाई आधार बनाएर नगरपालिकाले आवश्यकता अनुसार कार्यनीति र रणनीतिहरू तर्जुमा गर्न सक्नेछ। विद्यमान नीति र रणनीतिहरूलाई समयानुकूल परिमार्जन गर्नेछ।

लैसअसास नीति २०८३ मेचीनगर नगरपालिका र यससंग सम्बद्ध संरचनागत समिति, उपसमिति र सम्बन्धित सरोकारवालाहरुका लागि तर्जुमा गरी लागू गरिएको हो । यद्यपि, यसले नेपाल सरकार लगायत सबै सम्वद्ध क्षेत्रहरूको लैसअसास नीतिलाई सम्मान गर्दै मानव अधिकारको उपभोग र न्याय, समानता, सुशासनको प्रवर्द्धनमा योगदान पुरयाउने लक्ष्य राखेको छ।

## ७ समावेशी नीतिको लक्ष्य र उद्देश्यहरुः

मेचीनगर नगरपालिकाको लैसअसास नीतिले निम्न लक्ष्य र उद्देश्यहरू हासिल गर्ने लक्ष्य राखेको छ।

### ७.१ लैङ्गिक समानता, अपाङ्गता तथा समावेशी नीतिको लक्ष्य :

नेपाल सरकारले अंगिकार गरेको लैसअसास सम्बन्धी सन्धि, अभिसन्धि र नीति, लैङ्गिक समानता तथा सामाजिक न्याय सम्बन्धी संस्थागत मूल्य मान्यतालाई आत्मसात गर्दै वहिष्करणमा पारिएको र सीमान्तकृत समुदायको मानव अधिकारको संरक्षण, प्रवर्द्धन, न्याय र विकासमा उनीहरूको पहुँचलाई अभिवृद्धि गर्नु ।

**७.२ लैङ्गिक समानता, अपाङ्गता तथा समावेशी नीतिको उद्देश्य :**

**७.२.१** मेचीनगरपालिकाको नीति, रणनीति, योजना, परियोजना, कार्यक्रम, वकालत, पहल लगायतका गतिविधिहरूमा लैसअसास नीतिको अवलम्बन गर्ने।

**७.२.२** यो नीति मेचीनगर नगरपालिका र सम्बन्धित संरचनागत समिति उपसमिति र सम्बन्धित सरोकारवालाहरुका लागि तर्जुमा गरी लागू गर्ने हो र लैसअसासको सवालमा पहुँच पुर्याउने र क्षमता अभिवृद्धि गर्ने ।

**७.२.३** सरकारको लैसअसास नीति निर्माण, योजना र कार्यक्रममा यस नगरपालिकाको अर्थपूर्ण सहभागिता वृद्धी गर्ने ।\

**७.२.४** सवै जाती, धर्म,लिंग, वर्ग, उमेर, वैवाहिक अवस्था, शारीरिक र मानसिक अवस्थाहरुको (अपांगता भएका व्यक्तिहरु) आधारमा भेदभाव मुक्त नगरपालिका घोषणा गर्ने ।

**७.२.५** लैसअसासको दृष्टिकोणबाट नगरपालिकाको नीति, रणनीति, योजना, परियोजना, कार्यक्रम, बजेट र उपलब्धीहरूको प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सुनिश्चित गर्ने।

**७.२.६** यस नगरपालिकामा लैंगिक उत्तरदायी बजेट (GRB)को व्यवस्था गर्ने र आवधिक रूपमा लेखाजोखा गरी लैंगिक उत्तरदायी वजेट बनाउन प्रतिवद्धता गर्ने।

**८ लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशी नीतिका मुख्य क्षेत्रः नीति निर्माण तहमा लैसअसास :**

८.१ आवधिक योजनामा लक्षित वञ्चितिकरण र विभेदमा परेका वर्गको सवालहरु सम्बोधन गर्ने नीति र निश्चित प्रतिशत स्रोत व्यवस्थापन गरिने छ । नगरपालिकाको वार्षिक वजेट निर्माण तहदेखि कार्यान्वयन तहसम्म लैंगिक उत्तरदायि बनाईने छ ।

८.२ नियमितरुपमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी परीक्षणबाट प्राप्त सुधारात्मक पक्षका लागि तयार गरीएको कार्ययोजना कार्यान्वयनमा ल्याईने छ ।

८.३ बालबालिका महिला हितकारी ऐन नियम र प्रतिवद्वताहरुको जानकारी र कार्यान्वयन गर्न टोल देखि नगरस्तर सम्म सूचना प्रवाह गरिने छ ।

८.४ लैंगिक डेस्कमा स्रोत दक्ष जनशक्ति व्यवस्थापन गरी महिला बालबालिका जेष्ठनागरिक अपाङ्गता भएका व्यक्ति दलित सिमान्तकृत अल्पसंख्य आदिवासी जनजाती र हिंसा पीडितका सवालहरुको संस्थागतरुपमा सम्वोधन गरिने छ ।

८.५ वार्षिक वजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैंगिक हिंसा निवारण र महिलाहरुको सीप विकासका कार्यक्रम गरी महिला र पुरुषको समविकासको सिद्धान्त अवलम्वन गरिनेछ ।

८.६ सामाजिक रुपमा वहिस्करण र सेवा तथा अवसर लिनबाट वञ्चितीकरण परेका वर्गको तथ्याङ्कको यकिन गरी उनीहरुको अवस्था तथा स्तरवृद्धिमा वजेट विनियोजन गरिने छ ।

८.७ बालबालिका महिला अपाङ्गता ज्येष्ठ नागरिक, दलित, सिमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसंख्य, आदिवासी जनजाती, मधेशी, मेचे र हिंसा पीडित विपन्नवर्ग नागरिकहरुलाई सामाजिक संरक्षण गरिने छ ।

८.८ मानव संसाधान शाखा स्थापना गरी बालबालिका महिला, अपाङ्गता, ज्येष्ठ नागरिक, दलित, सिमान्तकृत लैंगिक तथा यौनिक अल्पसंख्य, आदिवासी जनजाती, हिंसा पीडित र विपन्नवर्गको क्षमता विकासलाई प्राथमिकता दिईने छ ।

८.९ लक्षित वर्गको सामाजिक सुरक्षा र आत्मसम्मान वृद्धिका लागि संघीय कानुनको कार्यान्वयन तथा आवश्यकतानुसार स्थानीय कानुन तयार गरी कार्यान्वयन गरिने छ ।

८.१० खानेपानी,शिक्षा, स्वास्थ्य सरसफाई जस्ता विवकासका आधारभूत पक्षमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका विषयहरु सम्बोधन गर्ने सूचकका आधारमा अनुगमन र मूल्याङ्कन गर्ने परिपाटीको थालनी गरिने छ ।

८.११ मेचीनगर नगरपालिकाभित्र लैसअसास मैत्री नीति, योजना, परियोजना र कार्यक्रमहरूलाई समावेशी नीति निर्माण मार्फत नगरपालिकाको संगठनात्मक संरचनामा निरन्तर सुदृढीकरण गर्दै लैसअसास प्राप्त गर्न व्यवस्था गरिनेछ।

८.१२ नेपाल सरकारले निर्धारण गरेका नीतिगत व्यवस्थाहरुलाई अवलम्बन गर्दै नगरपालिकाको सांगठानिक सस्थाहरु, उपभोक्ता समिति, उपसमितिहरु टोल विकास सस्थाहरु, युवापरिषद , पुरूष संजाल,लैंगिक हिंसा प्रतिकार्य मंच र बाल क्लव लगायतका संरचनाहरुमा पदाधिकारी चयन गर्दा महिला ५०% महिलाभित्र कम्तिमा ३३% दलित महिला, आदिवाशी, जनजाती, मधेशी र लैंगिक तथा यौनिक अल्पसंख्यक समूहका महिला लगायत सीमान्तकृत समूहको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

## ९ निर्णय गर्ने निकायहरूमा लैसअसास :

९.१ मेचीनगर नगरपालिकामा निर्णय गर्ने निकायहरूमा कर्मचारी नियुक्ति गर्ने समिति र खरीद समितिहरुमा लैसअसासको मर्मलाई आत्मसात गर्ने छ। साथै नगरपालिकाले भविष्यमा थप केही अन्य सहयोगी निर्णय गर्ने निकायहरू बढाइने छ ।

९.२ निर्णय गर्ने निकायहरू लैसअसास दृष्टिकोणबाट समावेशी छन् भनी सुनिश्चित गर्न, कम्तिमा ३३% महिला तथा सीमान्तकृत समुदायका सदस्यहरूको प्रतिनिधित्व गर्ने।

९.३ स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिबाट वञ्चितीकरणमा परेका समूहका लागि अलग्गै वजेट छुटयाउने र सो वजेटवाट योजना तयार गर्दा वञ्चितीकरणमा परेका समूह वा वर्गकोमात्र छुट्टै छलफल गर्ने मार्गदर्शन निर्धारण गरी कार्यान्वयनमा ल्याउने छ ।

**१०  करारका कर्मचारी भित्र लैसअसास** :

नगरपालिकाको कुल करार कर्मचारीको कम्तिमा ५०% महिलाको प्रतिनिधित्व र कुल ५०% महिला कर्मचारी मध्ये ३३% सीमान्तकृत समुदायको प्रतिनिधित्वलाई प्राथमिकता दिइनेछ। आर्थिक रुपमा विपन्न महिला र अपाङ्गता भएका महिलाहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा विशेष ध्यान दिइनेछ।

**११  लैङ्गिक सामनता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति(GEDSI) सम्बन्धि व्यवस्था**

**११.१** नगरपालिकामा लैङ्गिक समानता अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण नीतिलाई सहीरुपमा व्यवहारमा उतार्न आवश्यकता अनुसार लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण हेर्नका लागि छुट्टै व्यक्ति (Focal Person) को व्यवस्था गरिनेछ|

**११.२** लाभ र अवसरहरूको क्षेत्रमा लैसअसासः नगरपालिकामा लाभ र अवसरहरूको मूख्य क्षेत्रहरूमा कर्मचारीहरूको पदोन्नति, चरण स्तरोन्नति, क्षमता अभिवृद्धिका अवसरहरूका साथै कर्मचारीहरू नेपाल भित्र र बाहिर शिक्षामूलक भ्रमणहरू समावेश छन्।

**११.३** महिला तथा अपाङ्गता भएको व्यक्तिलाई प्राथमिकताका साथ समावेश गरिनेछ। तालिम, कार्यशाला गोष्ठि र शिक्षामूलक भ्रमणहरू लगायतका क्षमता अभिवृद्धिका अवसरहरूमा कार्यक्रम तथा आन्तरिक स्रोतद्वारा व्यवस्थित गरिने वा दाता र अन्य सरोकारवालाहरूको सहयोगमा नगरपालिका र यसका साझेदारहरूलाई लैसअसास पक्षलाई ध्यानमा राखी सदस्यहरू र कर्मचारीहरूलाई उपलब्ध गराइनेछ।

**११.४** नगरपालिकाले लैसअसासलाई कार्यक्रम र परियोजना निर्माणको प्रारम्भदेखि नै समावेश गर्नेछ। जसमा समूह केन्द्रित छलफल, आवश्यकता र मुद्दाहरूको पहिचान, क्षेत्र छनौट समावेश हुने छन्।

**११.५** नगरपालिकाको कार्यक्रम र परियोजनाहरुः नगरपालिकाको कार्यक्रम र परियोजनागत क्षेत्रहरूका जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाती, लैंगिक तथा यौनिक अल्पसंख्यक, मधेशी, मुस्लिम र अन्य अल्पसंख्यक समूहहरू सहित कम्तीमा ७०% सीमान्तकृतहरूलाई नगरपालिकाको परियोजना, कार्यक्रम, वकालत र अन्य गतिविधिहरूबाट प्रत्यक्ष रूपमा लाभान्वित गरिनेछ।

**११.६** नगरपालिकाको कार्यक्रम र परियोजनागत क्षेत्रहरूका दलित महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सीमान्तकृत जनसंख्यालाई विशेष ध्यान दिइनेछ।

११.७ महिला बालबालिका तथा विशेष कार्यक्रमहरू र परियोजनाहरुः नगरपालिकाका कार्यक्रम र परियोजना क्षेत्रहरूमा जनसंख्याको आधारमा, सीमान्तकृत समुदायका कम्तिमा ५०% महिलाहरूले यसका विशिष्ट कार्यक्रमहरू र परियोजनाहरूमा प्रतिनिधित्व गर्ने छन्।

११.८ लैङ्गिकतामा आधारित हिंसाको सवालमा नगरपालिकाको संवेदनशीलता र वकालत सबै महिलामा समान रूपमा केन्द्रित हुने छ। तसर्थ, घरेलु हिंसा, यौनजन्य तथा लैङ्गिक हिंसा, महिला विरुद्धको हिंसा र न्यायमा महिलाको पहुँचको मामलामा पीडितहरू लगायत सबै महिलालाई प्राथमिकतामा राखी सेवा र उपचार दिनेछ।

११.९ नगरकार्यपालिकाका कार्यक्रम तय गर्दा महिला अपाङ्गता, सीमान्तकृत क्षेत्रका लागि वजेटको व्यवस्था गरिनेछ।

११.१० लैङ्गिकतामा आधारित हिंसापीडित महिला र बालिकाहरूको सवालमा भाषा, संस्कृति, अशिक्षा र गरिबी लगायत सीमान्तकृत समुदायका महिला तथा बालिकाहरूका समस्या र आवश्यकताहरूलाई उच्च प्राथमिकतामा राखिने छ।

११.११ महिला र पुरुष दुबै अभियन्ताहरूलाई जात, लिंग, वर्ग, उमेर, बैवाहिक अवस्था, शारीरिक र मानसिक अवस्थाहरुको (अपांङ्गता भएका व्यक्तिहरु) आधारमा भेदभाव नगरी महिला अधिकार, लैङ्गिक समानता, लैङ्गिकतामा आधारित हिंसाका सवालमा अन्य सरोकारवाला संस्थाहरुसँग अभियान, वकालत जस्ता क्रियाकलापहरुमा संलग्न हुन वा नेतृत्व गर्न प्रोत्साहित गरिने छ।

## १२ आर्थिक सशक्तिकरणका कार्यक्रम र परियोजनाहरू

१२.१ नगरपालिकाका कार्यक्रम तथा परियोजनाहरूको मुख्य छनौटका मापदण्डहरुमा विपन्न व्यक्ति परिवारलाई कुनैपनि आधारमा भेदभाव नगरी कार्यक्रम र आयोजनाहरू तर्जुमा र कार्यान्वयन गर्दा विपन्न र सीमान्तकृत पृष्ठभूमिका महिला र अपांगता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिइने छ ।

## १३ लैङ्गिक समानता,अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण (लैसअसास) नीतिको कार्यान्वयनः

१३.१ लैसअसास नीति लागू गर्नका लागि कार्यपालिका सदस्यहरू र कर्मचारीहरूसँग व्यापक परामर्श मार्फत लैसअसास सम्पर्क व्यक्तिको नेतृत्वमा लैसअसास नीति कार्ययोजना निर्माण गर्ने।

१३.२ कार्यपालीकाका छुट्टै सन्दर्भ शर्तहरु (Terms of Reference TOR) बनाई लैसअसास सम्पर्क व्यक्ति (Focal Person) तोक्ने र लैसअसास नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति

१३.३ आवश्यकता अनुसार नीति, रणनीति, योजना, परियोजना तथा कार्यक्रमहरूको पुनरावलोकन, परिमार्जन र अद्यावधिक गर्न सम्बन्धित विषयगत विशेषज्ञता भएका कर्मचारी तथा सदस्यहरूको कार्यटोली गठन वा परिचालन गरिनेछ

१३.४ लैसअसास सम्बन्धी मुद्दाहरूमा आवधिक छलफलहरू गरेर कार्यपालिकाको लैसअसास नीतिमा कर्मचारी र सदस्यहरूको क्षमता अभिवृद्धि गर्ने।

१३.५ दाता र साझेदारहरूसँग लैसअसास नीतिको बारेमा छलफल गर्ने ।

१३.६ नगरपालिकामा लैसअसासको अवस्था अनुगमन, मूल्याङ्कन, विश्लेषण गरी प्रतिवेदन तयार गर्ने।

१३.७ नगरपालिकामा लैसअसासको अवस्था जाँच गर्न सूचकहरूको विकास गर्ने।

१३.८ नगरपालिकाको लैसअसास नीतिलाई समयानुकुल परिमार्जन गर्दै जाने।

## १४ लैङ्गिक समानता,अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण (लैसअसास)नीति कार्यान्वयनका प्रमुख रणनीतिहरूः

१४.१ स्थानीय, प्रान्तीय र संघीय तहमा लैसअसास कार्यान्वियन समिति र भूमिव्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (MoFAGA), महिला, बालबालिका,लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत लैसअसास विभाग सहित बाह्य सरोकारवालाहरूसँग समन्वय, सहकार्य गर्ने।

१४.२ मानव अधिकारको दृष्टिकोण तथा स्थापित मान्यताका आधारमा लैसअसासको प्रवर्द्धन गर्ने।

१४.३ लैङ्गिक असमानता र सामाजिक वहिष्करणको मूल कारणहरू निवारणका लागि रणनीतिक सम्झौता गर्ने।

१४.४ अन्तर्राष्ट्रिय र राष्ट्रिय सरोकारवालाहरूसँग लैसअसासमैत्री साझेदारी गर्न पहल गर्ने। नगरपालिका स्थानीय समूह/सञ्जालहरूलाई लैसअसास प्रेरक (Role Model)को रूपमा स्थापना र सुदृढ गर्ने।

१४.५ नगरपालिका र यसका साझेदारहरूको क्षमता अभिवृद्धि पहलहरूमा लैसअसासलाई मूल प्रवाहमा ल्याउने।

१४.६ नगरपालिकाको वेबसाइट मार्फत लैसअसासका सवालमा कार्यरत कार्यपालिका सदस्यहरू, कर्मचारीहरू, साझेदारहरू र अधिकार धारकहरूको जागरूकता र क्षमता अभिवृद्धि गर्ने।

१४.७ परियोजना कार्यक्षेत्रमा लैसअसास नीति तर्जुमा वा प्रभावकारी कार्यान्वयनका लागि वकालत र पैरवी गर्ने।

**१५ बालबालिका हेरालु (Care Taker) सम्बन्धी व्यवस्था :**

१५.१ काखमा एकवर्ष सम्मको बालबालिका भएको महिला कर्मचारीलाई कार्यक्रमको सिलसिलामा नेपाल भित्र कार्यक्षेत्र भ्रमण, तालिम, गोष्ठिमा सहभागिता गराउँदा बालबालिका हेरालुलाई आतेजाते भाडा र खान बस्नको लागि नगरपालिकाको नियमानुसार दैनिक भत्ताको व्यवस्था समेत गरिने छ ।

१५.२ लैसअसासलाई प्रवर्द्धन गर्न संस्थागत व्यवस्थापन सुधार, सकारात्मक कार्य र वजेट व्यवस्था गरिने छ ।

१५.३ नयाँ नीतिहरू, रणनीतिहरू, योजनाहरू, परियोजना र कार्यक्रम निर्माण गर्ने र विद्यमान नीतिहरू, रणनीतिहरू, परियोजनाहरू र कार्यक्रमहरूलाई लैसअसास नीति अनुसार परिमार्जन गर्ने।

१५.४ महिला कर्मचारीको संख्या वृद्धि गर्न लैङ्गिक मैत्री नीति, प्रावधान र कार्यालयमा वातावरण निर्माण अभ्यास गर्ने, विद्यमान महिला कर्मचारीहरूलाई नगरपालिकामा कायम राख्न र उनीहरूको कार्यसम्पादन वृद्धि गर्ने, महिला तथा पुरुष कर्मचारीहरूको लागि नेपाल सरकारले तोकेको सहुलियत अनुसार विदा दिने।

१५.५ नगरपालिकामा हुने कुनै पनि प्रकारको भेदभावलाई सम्बोधन गर्ने प्रणालीको विकास गर्ने । जसमा महिला कर्मचारी र सीमान्तकृत पृष्ठभूमिका साधारण सदस्यहरूलाई विशेष ध्यान दिने पद्धतिको विकास गर्ने।

१५.६ लैसअसास नीति कार्यान्वयनको अनुगमन र मूल्याङ्कन सहित संस्थाभित्र र यसका साझेदारहरू र अधिकारधारकहरू बीच लैसअसासलाई प्रवर्द्धन गर्न संस्थागत विकास कोषको स्थापना गर्नमा पहल गर्ने।

१५.७ कार्यपालिका सदस्यहरू र कर्मचारीहरूलाई लैसअसास विशेषज्ञहरूको रूपमा विकास गर्ने र सबै तहहरूमा लैसअसासको प्रवर्द्धनका लागि आन्तरिक र बाह्य रूपमा तिनीहरूको विशेषज्ञताको उपयोग गर्ने।

१५.८ लैसअसास सम्बन्धी सरकारका सान्दर्भिक कानून, नीति र योजनाहरूमा अन्य सरोकारवालाहरूसँग अनुसन्धान/अध्ययन र नियमित संवाद गर्ने।

१५.९ नयाँ कानून, नीति, रणनीति, योजना र कार्यक्रमहरू तर्जुमा गर्दा सरकार र अन्य सरोकारवालाहरूलाई प्राविधिक सहयोग र सल्लाहहरु उपलब्ध गराउने।

**१६ अनुगमन र मूल्याङ्कनः**

१६.१ लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण नीतिको (लैसअसास) सम्पर्क व्यक्तिको नेतृत्वमा आवधिक समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने, लैसअसास नीतिको कार्यान्वयन र लैसअसासको नीति, रणनीति, योजना, कार्यक्रम, कर्मचारी, संस्थागत विकास, वजेट, वकालत र संगठनका अन्य गतिविधिहरूलाई मूल प्रवाहमा ल्याउने।

१६.२ **लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण नीतिको मूलप्रवाह र प्रवर्द्धन गर्नः** प्रभावहीन रहेका सस्थाकाहरुको विद्यमान नीति, रणनीति, योजना, कार्यक्रम र परियोजनाहरू परिमार्जन वा नयाँ तर्जुमा गर्न सिफारिस गर्ने।

१६.३ लैसअसास मान्यताबाट संस्थाको सामाजिक लेखापरीक्षण सञ्चालन सहित लैसअसास परिप्रेक्ष्यबाट संस्थाको कुल बजेटको विश्लेषण गर्ने।

१६.४ मेचीनगर नगरपालिकाको लैङ्गिक हिंसा, अपाङ्गता र सामाजिक समावेशीकरण सम्बन्धी परीक्षण (GESI Audit) लैसअसास परीक्षण गर्ने।

**१७ लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण लैसअसास नीतिको पुनरावलोकन तथा सुधारः**

लैसअसास नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्याङ्कन गरी हरेक तीनवर्षमा नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिने छ।

**१८ लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण नीतिको खारेजी तथा बचाउः**

लैङ्गिक समानता, अपाङ्गता तथा समावेशी नीतिमा उल्लेखित कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म सम्बन्धित कानून वमोजिम नै हुनेछ।

**१९ संस्थागत व्यवस्था**

**लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण (लैसअसास)**

नीतिमा भएका प्राभवधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारी रुपमा कार्यन्वयन गर्न देहाय बमोजिमको लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण नीति निर्देसक समिति रहने छ।

| | |
|---|---|
| नगरपालिकाका प्रमुख | - संयोजक |
| नगरपालिका उपप्रमख | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| सामाजिक विकास समिति संयोजक | - सदस्य |
| कार्यपालिका सदस्यहरुबाट कम्तिमा २ जना | - सदस्य |
| महिला अधिकार र संरक्षणको क्षेत्रमा कार्यरत महिला सहित संयोजकले तोकेको ३ जना | - सदस्य |
| सामुदायिक संघ सस्थाहरुबाट समावेसी प्रतिनिधित्व हुने गरि २ जना | - सदस्य |
| महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख | -सदस्य सचिव |

## सामाजिक समावेशीकरण निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

## अनुसूची —१

- सामाजिकीकरण अवलोकन र परिमार्जनकोको लागि खाका तयार गर्ने गराउने।
- नीति कार्यन्वयनका लागि सम्बध वडासँग सहकार्य, सहजीकरण र समन्वय गर्ने गराउने ।
- सामाजिकीकरण सम्बन्धि बजेट तथा कार्यक्रम तर्जुमा र संचालन गर्न आवश्यक समन्वय सहकार्य तथा प्रोत्साहन एवम् सहयोग सम्बन्धि व्यवस्था गर्ने ।
- सामाजिक समावेशीकरण सम्बन्धि कार्यको अनुगमन गर्ने गराउने ।
- सामाजिक समावेशीकरण सहयोगी नीतिहरुसँग सामन्जस्यता स्थापना र आवश्यक सहयोग आदानप्रदान गर्ने सामाजिक समावेशीकरण मूल प्रवाहीकरणका सस्थागत प्रणाली विधि एवं प्रक्रियाहरु स्थापित गर्न सहयोग गर्ने।
- वडा कार्यालयहरुमा सामवेसीकारण दृस्टीकोणले कार्यक्रम तर्जुमा गर्न सस्थागत क्षमता विकाशमा सहयोग गर्ने ।
- योजना कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणालीमा सामाजिक समावेशीकरणको आबद्धता र मूल प्रवाहीकरणको लागि सहजी करण गर्ने।
- सरकारी तथा गैसरकारी संघ सस्था र नागरिक समाजमा सामाजिक समावेशीकरणलाई प्रभाबकारी कार्यन्वयन गर्न सहयोग पुर्याउने ।
- वडागत विकाश कार्यक्रमको सामाजिक लेखाजोका र परिक्षण गर्ने गराउने
- अन्तर्राष्ट्रियरुपमा गरेका सामाजिक समावेशीकरणसँग सम्बन्धित प्रतिबद्ताहरु स्थानीयस्तरमा लागु एवं कार्यन्वयन गर्न गराउन सहजीकरण प्रोत्साहन र आवस्यक सहयोग पुर्याउने आर्थिक एवं सामाजिक रुपमा पछाडि परेका जातजाति लिङ्ग क्षेत्र समुदायले प्रत्यक्ष लाभ पाउने समावेसीकरणका कार्यक्रम वा आयोजनाको लागि आवस्यक पर्ने वजेट बिनियोजन भयो भएन हेर्ने ।

लैंगिक समानता, आर्थिक तथा सामाजिक समावेशीकरण नीति

## लैसअसास सम्पर्क (फोकल) ब्यक्तिको काम तथा कर्तब्य :
## अनुसूची —२

- लैङ्गिक, समानता अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण नीतिका सम्बन्धमा पालिकाका कर्मचारी तथा सदस्यहरुलाई अभिमूखीकरण गराउने।
- पालिकाका सबै कर्मचारीहरुलाई लैङ्गिक समानता अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण तालिम प्रदान गर्ने र तालिमको तथ्याङ्क अध्यावधिक गर्ने। लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण र संवेदनशीलता सम्बन्धी विभिन्न किसिमका तालिम गोष्ठी संचालन गर्ने।
- लैङ्गिक संवेदनशील बजेट तयार गर्न (Gender Responsive Budget) तयार गर्न लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण परीक्षण (GEDSI Audit) गर्न सहयोग गर्ने।
- विभिन्न क्षेत्रमा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्दा लैङ्गिक, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण संवेदनशीलताका सवाललाई सम्वोधन गर्न सहयोग गर्ने र त्यसको सुनिश्चितता गर्ने।
- विभिन्न कार्यक्रम गतिविधीहरु, अनुसन्धान तथा प्रस्तावहरुमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण सम्बन्धी सवाल र मुद्दाहरुको उठान र समायोजन गर्न सहयोग गर्ने।
- नगरपालिकाको लैङ्गिक समानता,अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरणको स्थिति विश्लेषण गरी देखा परेका समस्याहरु तिनको समाधान र सुझाब सहित वार्षिक प्रतिवेदन तयार गरी कायान्वयनको लागि कार्यपालिका समक्ष पेश गर्ने। उक्त प्रतिवेदनको सुझाब कार्यान्वयन गर्ने जिम्मेवारी फोकल पर्सनलाई दिनेछ।
- नगरपालिकाको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण संवेदनशीलता प्रवर्द्धन गर्न आवश्यक अन्य कार्य गर्ने।

लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति